# आर्थिक बर्ष २०८३/८४ को बजेट वक्तव्य

खजुरा गाउँपालिका

बांके

लुम्बिनी प्रदेश

२०८३

गाउँसभाको बैठकमा मिति २०८३ असार ३० गते

# आर्थिक बर्ष २०८३/८४ को बजेट वक्तव्य

खजुरा गाउँपालिका

**आदरणीय सभाका अध्यक्ष ज्यू, सभा सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू ,**

**शाखा प्रमुख ज्यूहरु ,वडा सचिव तथा सम्पुर्ण कर्मचारी ज्युहरु, सभामा उपस्थित पत्रकार ज्यूहरु**

१. सर्वप्रथम, आजको गाउँसभामा सहभागी हुनु भएकोमा म सबैलाई हार्दिक स्वागत तथा शुभकामना व्यक्त गर्दछु।जनप्रतिनिधिको हैसियतमा हामी माथि जनताको विश्वास, आशा र अपेक्षाको जिम्मेवारी छ।

२. त्यसैले आर्थिक वर्ष २०८३।८४ का लागि नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्नु केबल एउटा प्रशासनिक औपचारिकता नभई जनताको चाहना र अधिकारलाई सम्बोधन गर्ने ऐतिहासिक प्रक्रिया हो।

३. यो वर्षको बजेट समावेशी, न्यायपूर्ण र स्थानीय आवश्यकतामा आधारित रहेको छ। महिला, बालबालिका तथा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तीहरु, शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, पूर्वाधार जस्ता क्षेत्रहरुमा विशेष प्रथामिकता दिएका छौं।

४. बजेट भनेको सत्ता होइन सेवा हो। बजेट भनेको कसले कति लिन्छ भन्दा पनि कसको जीवनमा कस्तो परिवर्तन ल्याउन सक्छ भन्ने सोच हो। मैले उपाध्यक्षको जिम्मेवारीमा रहँदै गर्दा सभालाई पारदर्शी बनाउने र सहभागिता मुलक, जनमूखी बजेट ल्याउने प्रयास गरेको छु।

५. यो बजेट कुनै एक पद वा पक्षको नभई हामी सबै जनप्रतिनिधी, कर्मचारी र जनताकै साझा दस्तावेज हो। सबै सदस्यज्यूहरुलाई यो बजेट प्रति सकारात्मक सुझाव मूल्याङ्कन र समर्थन गरिदिनु हुन अनुरोध गर्दछु।

६. संघीयता कार्यान्वयका क्रममा स्थानीय सरकार स्थापना भएको खजुरा गाउँपालिकाका अत्यावश्यक कानुन निर्माण,संगठन संरचना र जनशक्ति व्यवस्थापन तर्फ प्रभावकारी रुपमा कार्यसम्पादन गर्दै **हामी आफै बनाउँ हाम्रो खजुरा ,आत्मनिर्भर र सम्वृद्ध खजुरा** को दीर्घकालीन सोंच पुरा गर्न क्रियाशील रहेको छु ।

७. तुलनात्मक लाभका क्षेत्रमा लगानीको वातावरण सिर्जना ,सीपमा आधारित दक्ष जनशक्तिको विकास मार्फत युवा उद्दमशीलता प्रवर्दन गरि रोजगारी वृद्दि गर्दै गरिबी न्युनिकरण ,प्राकृतिक स्रोत साधनको

दिगो उपयोगबाट हरित अर्थतन्त्रको विकास एवं सामाजिक न्यायमा वितरण प्रणाली कायम गर्दै सुशासन प्रवर्द्धनद्धारा आर्थिक सामाजिक विकास गर्ने तर्फ आगामी बजेट लक्षित हुनेछ ।

८. निर्माण हुन बांकी रहेका तथा क्रमा

९. गत पुर्वाधारहरुलाई हामीले पुरा गर्ने अठोटका साथ बजेट पेश गरेको छु ।

**गाउँसभाका सभाध्यक्ष महोदय र सभा सदस्यहरु,**

१०. आर्थिक बर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्नुअघि आर्थिक बर्ष २०८२/८३ को यस खजुरा गाउँपालिकाकाको बजेट कार्यान्वयन र राजश्वको अवस्था प्रस्तुत गर्दछु ।आर्थिक बर्ष २०८२/८३ को आन्तरिक राजश्वको अनुमान रु.३ करोड गरिएकोमा रु.२ करोड २७ लाख मात्र संकलन भएको छ ।जुन अनुमानको ७६ प्रतिशत प्रगति हो ।

११. खजुरा गाउँपालिकाको चालु आ.व.२०८२/८३ मा चालु तर्फ ५६ करोड ११ लाख ९५ हजार २सय ७५ र पुजीगत तर्फ २७ करोड ५८ लाख २२ हजार ८९ पैशा ५५ गरि कुल ८३ करोड ६९ लाख ४२ हजार ६ सय ६६ पैशा ५५ कुल विनियोजन भएको मा हाल सम्म ९२.५१ ७७करोड ४३ लाख ११ हजार ६ सय ८४ पैशा ४१ रकम प्राप्ती भएको छ । जुन कुल अनुमानको ९२.५१ प्रतिशत हो । आ.व.२०८२/८३ मा बजेटमा कुल बजेटको ८८ प्रतिशत खर्च हुने संसोधन अनुमान गरिएको छ । यस तर्फ गाउँपालिकाको सम्पुर्ण ध्यान केन्द्रित भएको छ ।

१२.स्रोत साधनको समुचित परिचालन मार्फत खर्चलाइ उपलव्धिमुलक र नतिजामुलक बनाई समावेशी उच्च दिगो र फराकिलो आर्थिक विकास हासिल गर्ने चुनौती हाम्रो सामु रहेको छ ।

१३.विकासमा जनताको सहभागीता र सहयोग , कृषि क्षेत्रको उत्पादन र उत्पाकत्व वृद्धि,सीप विकास र उद्ममशिलताको विकास गरि उद्ममशिल संस्कृतिको विकास गर्नु व्यवसायीक र प्रविधिमैत्री शिक्षामा जोड लगानीकर्ताहरुको समन्वय ,राजश्व प्रणालीमा सुधार चुहावट नियन्त्रण र करको दायरा विस्तार गरि राजश्व परिचालन वृद्धि गर्नुपर्ने आवश्यकता महसुस गरेको छु ।

१४.चालु आर्थिक बर्षको राजश्व संकलन तथा प्राप्ती गर्ने चुनौती रहेको छ । सिमित स्रोत साधन हुनु जनताको विकास प्रति तिव्र चाहना हुनु आकष्मिक प्रकोप, विपत आउनु भुमिहीन र अव्यवस्थित बसोबास,तिव्र सहरिकरण ,खेति योग्य जमिन भु-खण्डिकरण व्यवसायहरु गाउँपालिकामा दर्ता र सुचिकृत नहुनु ,जस्ता कुराहरुलाइ बजेटका चुनौतीका रुपमा लिएको छु ।

**गाउँसभाका सभाध्यक्ष महोदय र सभा सदस्यहरु,**

१५. माथि उल्लेखित चुनौती र अवसरलाई मनन गर्दै सरकारी, नीजि ,सहकारी र विकास साझेदारको लगानी विस्तार गरि उत्पादन गरि उत्पादन उत्पादकत्व र रोजगारका अवसर बढाई आर्थिक तथा सामाजिक पुर्वाधार विस्तार गरि विकासको नमुना तयार गर्ने तर्फ जोड दिएको छु । **हामी आफै बनाउँ हाम्रो खजुरा ,आत्मनिर्भर र सम्वृद्ध खजुरा** को सपना साकार पार्न आगामी आर्थिक बर्ष २०८३/८४ का लागि बजेटका **लक्ष्य ,उद्देश्य** देहाय बमोजिम रहेको छन् ।

अव म यस गरिमामय सभामा आ.व. २०८३/८४ मा बजेट तथा कार्यक्रम तयार गर्दा तय गरेका प्राथमिक लक्ष्य र उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

- गाउँपालिकाले निमार्ण गरेको पंचवर्षे योजना, आवधिक योजना, सडक गुरुयोजना, मध्यकालिन खर्च संरचना तर्जुमा, संभाव्यता अध्ययन योजना लगायत योजनालाई आत्मसाथ गर्दै योजनावद्ध विकासको लक्ष्य हासिल गरिनेछ ।
- निर्माण गरिएका ऐन, कार्यविधि,निर्देशिकाको कार्यान्वयन गरि सुशासन तथा नितिगत भ्रष्टाचार र अनियमिततालाई अन्तय गर्दै उत्पादनशिल र रोजगारमूलक आर्थिक विकास गरि जनताको जीवनमा परिर्वतन ल्याइनेछ ।
- खजुराका विभिन्न भाषा, संस्कृती, परिकार, भेष भुषा धार्मिकस्थल जैविक तथा वातावरणीय पक्षको संरक्षण संवर्धन गर्दै पर्यटकीय क्षेत्रको रुपमा विकास गरि आर्थिक समृद्धिको बाटो तयार पारिनेछ ।
- महिला, बालबालिका,मधेसी, मुस्लीम दलित तथा अल्पसंख्यक र पछाडि परेका समुदायलाई आत्मनिर्भर,सामाजिक न्याय,रोजगारको बाटो तय गर्ने कार्यक्रम लागु गरिनेछ ।
- जनतालाई स्वास्थ्यमा पहुच र गुणस्तरीय शिक्षा प्रदान गरिनेछ।
- कृषि र पशु क्षेत्रलाई आधुनिकृत उत्पादन मूलक बनाई व्यवसायीकरण गरिनेछ।
- राष्ट्रिय, अन्तराष्ट्रिय विभिन्न दातृनिकाय, संघ संस्था र निजी क्षेत्रसँग साझेदारी गरि खजुराको विकास र जनताको आर्थिक विकासमा टेवा पुर्याइनेछ।
- सूचना प्रविधि मार्फत जनतालाई छिटो छरितो सेवा प्रवाह गर्न र पारदर्शिता कायम गर्न पालिकाका सेवा क्षेत्रहरुमा डिजिटल प्रविधि प्रयोगमा ल्याइनेछ।

**गाउँसभाका सभाध्यक्ष महोदय र सभा सदस्यहरु ,**

**अव यस सम्मानित सभामा आगामी आर्थिक बर्षको बजेटका कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्दछु ।**

१६.शिक्षा स्वास्थ प्रज्ञाप्रतिष्ठान खानेपानी तथा सरसफाइ भाषा तथा कला संस्कृति महिला बालबालिका तथा जेष्ठ नागरिक युवा तथा खेलकुद सामाजिक सुरक्षा तथा संरक्षण तथा नागरिक आरोग्य सामाजिक विकासका क्षेत्रहरु पर्दछन । गाउँपालिकाकाले सामाजिक विकास तर्फ रु. ६ करोड ३२ लाख रकम विनियोजन गरेको छु । जसमध्ये श्रम प्रति आस्थावान दक्ष सचेत र राष्ट्रप्रति बफादार नागरिक तयार गरि सभ्य समाजको निर्माण गर्न शिक्षा क्षेत्रको विकासलाई पहिलो प्राथमिकता दिइएको छ ।शिक्षालाई सवल र गुणस्तरिय बनाउन शिक्षा क्षेत्रमा कुल ४ करोड १५ लाख बिनियोजन गरेको छु ।

१७.**स्वास्थ नै सवभन्दा ठुलो धन हो स्वास्थ नै सवथोक हो** , भन्ने कुरालाइ मनन गर्दै स्वास्थ तर्फका विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।ब्लड बैंक संचालन तथा स्वास्थ तर्फ रु.८५ लाख बजेट विनियोजन गरेको छु ।

१८.नागरिकलाई खानेपानीको पहुँच विस्तार र स्वच्छ सफा र हराभरा वातावरण निर्माण गर्ने र सरसफाईका सूचक पुरा गर्नु पनि गाउँपालिको मुख्य ध्येय हुने छ ।सो उद्धेश्यलाई पुरा गर्न खानेपानी तथा सरसफाइ तर्फ रु.२० लाख बिनियोजन गरेको छु ।

१९.विभिन्न जातजाति,भाषा ,धर्म संस्कृति साथै मौलिक र परम्परागत सीप,कला र प्राकृतिक स्थलको संरक्षण र विकास गर्ने खजुरा गाउँपालिकाको उद्देश्य रहेको छ । खजुरा प्रज्ञा प्रतिष्ठान रु.५ लाख र यस क्षेत्रको भाषा कला संस्कृति प्रवर्धन गर्न रु.१५ लाख रकम बिनियोजन गरेको छु ।

२०.यस गाउँपालिकाको लैंगिक समानता र सामाजिक समावेशीकरण नीति अनुरुप महिला बालबालिका तथा जेष्ठ नागरिक तर्फका प्रभावकारी र लक्षित वर्ग सम्म नै प्रभाव पार्ने खालका कार्यक्रम तर्जुमा गरिएको छ । महिला बालबालिका तथा जेष्ठ नागरिकका लागि रु.२५ लाख बजेट बिनियोजन गरेको छु ।

२१.सामाजिक सुरक्षा भत्ता वितरण तथा व्यक्तिगत घटना दर्ता कार्यलाई थप पारदर्शि र प्रभावकारी बनाउन सामाजिक सुरक्षा सम्वन्धि सरोकारवालालाई अभिमुखिकरण तथा आयरिस मेशिन खरिद गर्न लगाएतका कार्यक्रमका लागि रु. ९४ लाख ४० हजार रकम बिनियोजन गरेको छु ।

२२.युवा हरुलाई खेलकुद प्रति आकर्षित गर्दे खेलकुदलाई पेशामा बदलि जिविकोपार्जन लागि सक्षम बनाउन खेलकुद परिषदलाई क्रियाशिल गराइने छ ।खजुरा गोल्डकपलाइ निरन्तरता तथा अन्य खेल क्षेत्रको विकासका लागि युवा तथा खेलकुद तर्फ रु. ३५ लाख बिनियोजन गरेको छु ।

२३.आयुवर्दे सेवालाई सवैको पहुँच विस्तार गरि नागरिक आरोग्य सेवा केन्द्रबाट आधारभुत सेवा प्रदान गर्ने तथा समुदायमा आयुर्वेद सेवाको जनचेतना फैलाई स्वास्थ जीवन जिउने पद्दतिको विकास गर्न नागरिक आरोग्य केन्द्रलाइ सक्षम बनाउन र पंचकर्म सेवा विस्तार गर्न कार्यक्रम तर्जुमा गरेको छु । जसको लागि रु.२० लाख बजेट विनियोजन गरेको छु ।

**गाउँसभाका सभाध्यक्ष महोदय र सभा सदस्यहरु,**

२४.अव म आर्थिक विकास तर्फको बजेट प्रस्तुत गर्न गइरहेको छु । आर्थिक विकास तर्फ रु.१ करोड ६९ लाख रकम बिनियोजन गरेको छु ।

२५.कृषि क्षेत्रको यान्त्रिकरण र व्यावसायीकरणका माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्दै बजारिकरण मार्फत कृषि क्षेत्रको प्रवर्दन गर्न कृषि तर्फका कार्यक्रम तर्जुमा गरेको छु । सिँचाई क्षेत्रलाई महत्वपुर्ण क्षेत्रका रुपमा लिइ कृषि क्षेत्रको विकास गर्न कृषि तथा सिँचाई तर्फ रु.२७ लाख ५० हजार रकम बिनियोजन गरेको छु ।

२६.लघु ,घरेलु ,साना तथा मझौला उद्योगको प्रवर्धन तथा औधोगिक वस्तुको उत्पादन वृद्धि गरि सीप विकास र उद्दमशिलताको विकास गरि उद्यमशिल संस्कृतिको विकास गर्न लघु उद्यम तर्फका कार्यक्रम तर्जुमा गरेको छु । जसको लागि लघु उद्यम तर्फ रु.१३ लाख रकम विनियोजन गरेको छु ।

२७.पर्यटकलाई खजुरामा आकर्षित गर्न विभिन्न ठाँउहरुमा अवलोकनयोग्य स्थानहरु र पर्यटक आकर्षण बढाउने कार्यक्रम प्रोत्साहन गर्न कार्यक्रमहरु तर्जुमा गरिएको छ ।होमस्ट प्रवर्द्धनका लागि रु.१० लाख र सहिद पार्क निर्माण का लागि रु.५० लाख ,जसको लागि पर्यटन क्षेत्रको विकासको लागि रु. ६० लाख बिनियोजन गरेको छु ।

२८.खजुरा गाउँपालिकाको सहकारी क्षेत्रलाई महत्वपुर्ण क्षेत्रका रुपमा लिई सहकारी विकासका कार्यक्रमहरु संचालन गरिने छ । जसको लागि सहकारी तथा वित्तिय क्षेत्र तर्फ रु. ८ लाख ५० हजार रकम बिनियोजन गरिएको छ ।

२९.पशुपंक्षी विकास क्षेत्रको विकास गर्न पशुपंक्षी कृषकलाई प्रोत्साहन गर्न ,नश्ल सुधार र पशु सुत्केरि भत्ता जस्ता विभिन्न कार्यक्रमहरु तर्जुमा गरिएको छ । जसको लागि पशुपंक्षी विकास तर्फ रु ४० लाख रकम विनियोजन गरिएको छ ।

३०.भुमि नीति तथा भुमिहिनको व्यवस्थापन र भुमि सम्वन्धि समस्या सामाधान लागि भुमि सम्वन्धि कार्यक्रम तर्जुमा गरिएको छ । जसको लागि रु.२० लाख रकम विनियोजन गरेको छु।

३१.अव म पुर्वाधार तर्फको बजेट प्रस्तुत गर्न चाहान्छु । पुर्वाधार तर्फ रु.९ करोड ३२ लाख ३७ हजार २ सय रकम विनियोजन गरेको छु । गुणस्तरिय दिगो भौतिक पुर्वाधारको विकास गर्न रु.३ करोड ९७ लाख ३७ हजार २ सय रकम विनियोजन गरेको छु ।

३२.भवन,आवास र सहरिकरण विकास गर्न ,विशेष गरेर गाउँपालिका भित्र बसपार्क निर्माण गर्न रु. ३५ लाख रकम थप विनियोजन गरेको छु ।

३३.उर्जा /विधुतिकरण का लागि रु.६० लाख , ह्यमपाइप का लागि रु १० लाख रकम विनियोजन गरेको छु ।

३४.परम्परागत धार्मिक संस्कृतिक सम्पदा संरक्षण र प्रवर्द्धनका लागि रु ५ लाख रकम विनियोजन गरेको छु ।

३५.विगत आव.देखि रहदै आएको मर्मत संभार कोषलाइ निरन्तरता दिएको छु । मर्मत संभार कोष लागि रु.५० लाख रकम विनियोजन गरेको छु ।

३६.पुराना अधुरा अधुरा योजना पुरा गर्न रु. ४ करोड ७२ लाख रकम विनियोजन गरेको छु ।

३७.बैकल्पिक उर्जा साझेदारीका लागि रु. १० लाख रकम विनियोजन गरेको छु ।

३८.भारतिय राजदुताबासको सहयोगमा निर्माण हुना लागेको जनकल्याण माविको भवन साझेदारीको लागि रु. ६५ लाख रकम विनियोजन गरेको छु ।

३९.अव म सुशासन तथा अन्तसम्वन्धित क्षेत्र तर्फको बजेट विनियोजन प्रस्तुत गर्न गइरहेको छु । यस क्षेत्र अन्तर्गत रु. १ करोड ६ लाख ४७ हजार रकम विनियोजन गरेको छु । जस अन्तर्गत लक्षित समुदायको उन्नति ,विकास ,प्रवर्द्धन र सीप प्रदान गर्न कार्यक्रमहरु तर्जुमा गरिएको छ । जसको लागि लक्षित वर्ग तर्फ रु. ३० लाख रकम विनियोजन गरेको छु ।

४०.गरिवलाई रोजगार र युवा स्वरोजगारको अवसर प्रदान गर्ने अति विपन्नताका आधारमा प्राथमिकिकरण गरि क्षमता विकास र सीपमुलक तालिम दिने कार्यक्रमका लागि रु.५ लाख रकम विनियोजन गरिएको छ ।

४१.न्यायिक समितिलाई सवल ,सक्षम र प्रभावकारी बनाई सुव्यवस्थित चुस्त , दुरुस्त एवम् मेलमिलापको भरपर्दो माध्यम बनाउन कार्यक्रम तर्जुमा गरिएको छ । जसको लागि न्यायिक समितिमा रु. ३८ लाख रकम विनियोजन गरिएको छ ।

४२.राष्ट्रिय रोजगार कार्यक्रमका लागि सत प्रतिशत रकम साझेदारी लागि रु.१० लाख ४७ हजार बजेट विनियोजन गरेको छु ।

४३.राजश्वको क्षेत्रलाई स्वच्छ ,पारदर्शी र कर क्षेत्रको संस्थागत विकास गर्ने कार्यक्रम तर्जुमा गरेको छु । जसका लागि रु. ८ लाख रकम विनियोजन गरेको छु ।

४४.सार्वजानिक जवाफदेहिता ,पारदर्शिता र जनउत्तरदायित्व प्रवर्द्धन गर्नका लागि सार्वजानिक सुनुवाई , सार्वजनिक परिक्षण गुनासो व्यवस्थापन ,सूचनाको हक कार्यान्वयन गर्न सुशासनका संयन्त्र प्रयोग गर्न कार्यक्रम तर्जुमा गरिएको छ । जनसचेतिकरणका लागि रु.१५ लाख रकम विनियोजन गरेको छु ।

४५.वन,वातावरण तथा विपद् व्यवस्थापनका लागि विभिन्न कार्यक्रम तर्जुमा गरिएको छ ।यस क्षेत्र अन्तर्गत रु.५५ लाख विनियोजन गरिएको छ । जसका अन्तर्गत वन तथा भु संरक्षण लागि रु.२ लाख रकम बिनियोजन गरेको छु ।जलवायु परिवर्तन न्युनिकरण कार्यक्रमका लागि रु.२ लाख बिनियोजन गरेको छु । फोहरमैला व्यवस्थापन अन्तर्गत कार्यक्रम तर्जुमा गरिएको छ जसका लागि रु.६ लाख रकम थप विनियोजन गरेको छु । त्यसै गरि विपद व्यवस्थापन कोष मा थप रु.४५ लाख रकम थप गरि विनियोजन गरेको छु ।

४६.अव म संस्थागत विकास र क्षमता विकास तर्फको बजेट प्रस्तुत गर्न चाहन्छु गाउँपालिकाको कार्यालय संचालन तथा व्यवस्थापन चालु र पुँजिगत तर्फ रु. १० करोड ९७ लाख रकम विनियोजन गरेको छु । नेपाल सरकारले आर्थिक बर्ष २०८३/८४ को बजेट मार्फत राष्टसेवक कर्मचारीको तलवमान र प्रोत्साहन भत्ता २०८३ श्रावण १ गते देखि लागु हुने गरि बृद्धि गरेको मा सवै कर्मचारीको तलवमान प्रोत्साहन भत्ता सोही बमोजिम बृद्धिहुने व्यवस्था गरेको छु ।

४७.कर्मचारी र जनप्रतिनिधीको क्षमता विकास सम्वन्धी कार्यक्रमहरु तर्जुमा गरिएको छ । जसका लागि रु.१० लाख रकम विनियोजन गरिएको छ ।सूचना प्रविधिको प्रभावकारी उपयोग तथा सेवा प्रवाहलाइ डिजिटल मैत्री बनाउन रु.८ लाख रकम विनियोजन गरिएको छ ।

४८.गाउँपालिकाले प्रोत्साहन र सजायको नीति अनुसार अवलम्वन गर्ने छ । ईमान्दार ,कर्तव्यनिष्ठ कर्मचारीलाई प्रोत्साहन र पुरुस्कृतको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४९.लागु पदार्थ नियन्नण गर्नु गाउँपालिकाको कर्तव्य हो । लागु पदार्थ नियन्त्रण र साइवर क्राइम नियन्त्रण गर्ने कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५०.विभिन्न राष्ट्रिय दिवशहरु मनाउन पर्याप्त रकम विनियोजन गरेको छु ।

५१.खजुरा गाउँपालिकाले संघिय समपुरक योजनाको साझेदारी गर्न रु.९० लाख, प्रदेश समपुरक साझेदारी गर्न रु.७५ लाख र योजनाका लागि आइपर्ने लागत साझेदारीका लागि आवश्यक रकम रु. ५० लाख रकम विनियोजन गरेको छु ।

**गाउँसभाका सभाध्यक्ष महोदय र सभा सदस्यहरु**

**अव यस सम्मानित सभामा संघीय सरकारबाट प्राप्त योजना /कार्यक्रम प्रस्तुत गर्दछु ।**

५२. संघीय सरकारबाट यस गाउँपालिकालाई शिक्षा तर्फ रु.२९ करोड ८३ लाख रकम प्राप्त भएको छ । जसमा सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरि प्याड व्यवस्थापनका लागि रु.२८ लाख ९६ हजार रकम विनियोजन गरिएको छ । विद्यालयका भवन निर्माण गर्न रु.५६ लाख रकम विनियोजन गरिएको छ ।

५३.गाउँपालिकाकालाई सशर्त अनुदानका रुपमा कार्यक्रम सहित स्वास्थ र पोषण तर्फ रु ५ करोड ६५ लाख रकम विनियोजन भएको छ ।

५४.गाउँपालिकाकालाई सशर्त अनुदानका रुपमा कार्यक्रम सहित कृषि तथा पशु तर्फ रु.४६ लाख रकम विनियोजन गरिएको छ ।

५५.गाउँपालिकाकालाई सशर्त अनुदानका रुपमा राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत रु.१८ लाख रकम विनियोजन गरिएको छ ।

५६.गाउँपालिकाकालाई सशर्त अनुदानका रुपमा कार्यक्रम सहित लघु उद्यम विकास तर्फ रु.११ लाख रकम विनियोजन गरिएको छ ।

५७.खजुरा गाउँपालिकामा खाद्य सुरक्षा सुनिश्चित गर्न व्यवसायिक कृषि उत्पादन कार्यक्रम अन्तर्गत रु. २ करोड ५० लाख रकम तथा वडा नं ८ रनियापुर मधेसस्तरको खानेपानी पहँज रु.५३ लाख विशेष अनुदानको रुपमा विनियोजन गरिएको छ ।

५८.सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत रु.९ लाख रकम विनियोजन गरिएको छ ।

५९.गाउँपालिकाकालाई समपुरक अनुदानका का लागि वडा नं २ वि गाउँ प्रशासनिक भवन देखि वडा नं ५ उढरापुर भानु मावि सम्म मधेश बस्तिका लागि पहुँच मार्ग सडक स्तरउन्नती रु. ६० लाख रकम विनियोजन गरिएको छ ।

६०.आवास कार्यक्रमको लागि रु.३५ लाख विनियोजन गरिएको छ ।

**गाउँसभाका सभाध्यक्ष महोदय र सभा सदस्यहरु**

**अव यस सम्मानित सभामा प्रदेश सरकारबाट प्राप्त योजना वडा तर्फ तथा संघ संस्थाको कार्यक्रम प्रस्तुत गर्दछु ।**

६१.प्रदेश सशर्त तर्फ पुँजिगत तर्फ जम्मा रु १ करोड ३५ लाख विनियोजन गरिएको छ जस पेट्रोल पम्पदेखि दक्षिण विष्णु थापाको घर सम्म अधुरो सडक निर्माण खजुरा ५ बाँके रु .७ लाख , रजनवा गाउँको मस्जिददेखि उत्तर हुलाकी सडक जोड्ने बाटामा नाली खजुरा ५ बाँके रु.८ लाख , अधुरो धनेश्वर महादेव लक्ष्मी मन्दिर खजुरा २ बाँके रु.५ लाख, गुलरीया सडकदेखि निरु टण्डन र बिष्णु ढकालको घरको बीचको ढुंगे मिल सम्मको सडक स्तरउन्नती खजुरा ३ बाँके रु.८ लाख, धर्मभक्त टोल जाने बाटो स्तरउन्नती खजुरा ३ बाके रु २७ लाख , पुनर्वास कृषक तरकारी उत्पादन सहकारी संस्था लि. को अधुरो बाउण्डरी वाल निर्माण खजुरा ३ बाके रु. ५ लाख , कृषि सिंचाइका लागि स्यालो ट्यूवेल जडान रु.५ लाख, Banana ripening chamber स्थापनामा सहयोग रु.१५ लाख , खजुरा गा.पा-२ बाबा स्थानमा योगा भवन रु.१५ लाख , प्राथमिक स्वास्थ्य केन्द्र खजुरा-३ मा प्रयोगशाला स्तरोन्नति रु.१० लाख, रनियापुर स्वास्थ्य चौकी अधुरो वर्थिङ सेन्टर भवन तथा शौचालय निर्माण रु.१५ लाख, खजुरा ३ दुर्गाकालिका मन्दिर परिसरमा योगा भवन रु.१५ लाख रकम विनियोजन गरिएको छ ।

६२.प्रदेश चालु शसर्त चालु तर्फ रु.१० लाख रकम विनियोजन गरिएको छ । जस अन्तर्गत बाल विवाह न्युनिकरणका सम्बन्धमा प्रदेशब्यापि अभियान सञ्चालन खजुरा गा पा बाके रु १० लाख रकम विनियोजन गरिएको छ ।

६३.त्यसै गरि,प्रदेश विशेष अनुदानका दुर्गा मन्दिर मनकामनामा सञ्चालित गुरुकुलका लागि छात्रबास निर्माण २० लाख रकम विनियोजन गरिएको छ ।

६४.त्यसै गरि,प्रदेश समपुरक अनुदानका सिमलघारी देखि ओलि चोक सम्म बाटो कालोपत्रे वडा नं ६ रु.७५ लाख रकम विनियोजन गरि निरन्तरता गरिएको छ ।

६५.वडा पनि संघीयताको जनताको नजिकको सरकारको इकाई हो सो कुरालाई मध्ये नजर गरि वडा तर्फ रु. ७ करोड रकम विनियोजन गरिएको छ ।

६६.आ.व.२०८३/८४ मा यस गाउँपालिकामा कार्यन्वयन विभिन्न संघ ,संस्थाहरुको बजेट पेश गर्न चाहन्छु ।जनजागरण समाज रु.३६ लाख ,बाँके युनिस्को क्लव रु.३० लाख,भेरी वातावरणीय विशिष्टता समुह वि ग्रुप को रु.७८ लाख ४६ हजार ७ सय २०, मानसिक स्वास्थ तथा परामर्श केन्द्र नेपाल रु.२१ लाख ५६ हजार ६ सय ११ , महिला विकास समाज रु. ९ लाख ६१ हजार, बातावरण तथा ग्रामीण विकास केन्द्र रु ५ लाख ७० हजार तथा विभिन्न संघ संस्थाको बजेट तथा कार्यक्रम पेश गरेका छ्न ।सो कार्यक्रमहरु यस बजेटमा समावेश गरिएको छ ।

६७.आ.व.२०८३/८४ मा संघीय सरकार,प्रदेश सरकार र आन्तरिक आय देहाय बमोजिमको रकमको श्रोत अनुमान तथा सीमा निर्धारण समितिले बजेटको परिधिभित्र रही योजना तथा कार्यक्रम तर्जुमा गर्ने जिम्मेवारी तोकिएको थियो । संघीय सरकारबाट सशर्त अनुदान रु.३६ करोड ९७ लाख, वित्तिय समानिकरण रु.१५ करोड १७ लाख ,संघिय राजश्व बांडफांड बाट रु.१३ करोड २१ लाख ८४ हजार, विशेष अनुदानको चालु तर्फ रु. २ करोड ५० लाख, विशेष अनुदान पुजिगत रु.५३ लाख र समपुरक अनुदानका रुपमा रु. ६० लाख गरि जम्मा रु ६८ करोड ९८ लाख ८४ हजार र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान रु१ करोड ४५लाख ,वित्तिय समानीकरण अनुदान रु.१ करोड ४ लाख ५४ हजार , प्रदेश राजश्व वांडफांड रु.३ करोड ३२ लाख ६१ हजार ,प्रदेश समपुरक अनुदान रु. ७५ लाख प्रदेश विशेष अनुदान रु.२० लाख गरि जम्मा रु.६ करोड २७ लाख १५ हजार र आन्तरिक राजश्व तर्फ आन्तरिक श्रोत तर्फ रु.३ करोड २ लाख र अल्या रकम रु. ५ करोड १० लाख गरि **जम्मा रु.८३ करोड ८७ लाख ९९ हजार को** स्रोत परिचालन हुनेछ ।

६८.**अन्त्यमा ,** यो बजेट तथा कार्यक्रम तर्जुमा गर्नका लागि सल्लाह ,सुझाव र परामर्श दिएका सहयोग गर्नुहुने सबै प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेटका उद्देश्य र प्राथमिकतामा व्यापक छलफल गर्ने राजनीतिक दलका नेताहरु, कार्यापालिका सदस्यहरु ,विषयगत समितिका संयोजक ,गाउँपालिकाका कर्मचारीहरुले दिनुभएको सुझावहरुलाई समेटेर बजेट निर्माण गर्न सहयोग पुर्याउने राष्ट्रसेवक कर्मचारी प्रति आभारी छु । त्यस्तै बजेट तर्जुमा गर्दा सुझाव दिनुहुने

नीजि, क्षेत्र ,सहकारी क्षेत्र, नागरिक समाज र सम्पुर्ण खजुरा वासी दिदिबहिनी दाजुभाईहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दै यो बजेट कार्यान्वयनमा सबै पक्षको पुर्ण सहयोग रहने अपेक्षा गरेको छु ।

धन्यवाद

मन्जु मल्ल

उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक

मिति:२०८३ असार १०